# आन्तरिक राजस्व विभाग

## आर्थिक विधेयक,२०७९ ले विद्युतीय सेवा करको सम्बन्धमा गरेको व्यवस्था

| क्र.सं. | दफा | व्यवस्था |
|---|---|---|
| १ | दफा २० | **विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स)ः**<br>(१) गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) लगाई असुल गरिनेछ।<br>तर विद्युतीय सेवाको वार्षिक बीस लाख रूपैयाँसम्मको कारोबारमा यस दफा बमोजिमको कर लाग्ने छैन।<br>(२) नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आय वर्ष अनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिल गर्नु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम तोकिएको समयभित्र विवरण दाखिल नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम शुल्क लाग्नेछ र कर तिर्नु पर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज लाग्नेछ। त्यसरी दाखिल गर्नु पर्ने कर कम दाखिल गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको पचास प्रतिशत जरिवाना समेत लाग्नेछ।<br>(४) यस दफा बमोजिम कर दाखिला भएको आयमा आयकर ऐन, २०५८ बमोजिमको कर लाग्ने छैन।<br>(५) विद्युतीय सेवा करको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ। |